# प्रेस विज्ञप्ति

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम स्थानीय शासन प्रकृयालाई सुदृढीकरण गरी नागरिकहरुलाई छिटो र सरल प्रकृयाद्वारा गुणस्तरीय र पारदर्शी सेवा उपलव्ध गराउने उद्देश्यले स्थानीय निकायहरु मार्फत संचालित नेपाल सरकारको कार्यक्रम हो । यस कार्यक्रममा विभिन्न १४ वटा विकास साझेदारहरुको सहयोग रहेको छ । यो कार्यक्रमले स्थानीय निकायमा जनप्रतिनिधि नभएको वर्तमान अवस्थामा सामाजिक परिचालनका माध्यमबाट वडा नागरिक मञ्च समेतको संलग्नतामा सहभागितामूलक योजना तर्जुमा पद्दतिको सुदृढिकरण गर्नुका साथै नागरिक सचेतना केन्द्रमार्फत अति विपन्न समुदायलाई सामाजिक आर्थिक सशक्तिकरणका माध्यमवाट गरिवी न्यूनिकरणमा योगदान पुऱ्याउँदै आएको छ । यो कार्यक्रमको सहयोगमा अहिले मुलुकभरका ३,१५७ गाविस र २१७ नगरपालिकाहरुमा गरी कूल ३१४१४ वडामा वडा नागरिक मञ्च गठन भई ७,५९,५६८ जना सदस्यहरु आवद्ध भएका छन् । वडा नागरिक मञ्चहरुले स्थानीयस्तरमा आवश्यकताको पहिचान र प्राथमिकिकरण गर्न, छनोट भएका कार्यक्रमहरु सञ्चालन गर्न र नागरिकका आवाज, प्राथमिकता र चाहनाहरुलाई स्थानीय निकायमा प्रतिविम्वित गर्न राज्य र जनता वीच सेतुको रुपमा कार्य गर्नुका साथै स्थानीयस्तरमा सञ्चालित कार्यक्रमहरु र सार्वजनिक सेवा र वस्तुहरुको समेत अनुगमन गर्ने जस्ता उदाहरणीय कार्य मार्फत सामाजिक रुपान्तरणका कार्यहरु गर्दै आएका छन् । यसै गरी कार्यक्रमको सहयोगमा देशका सवै गाविस र नगरपालिकाहरुमा ८४८४ नागरिक सचेतना केन्द्रहरु स्थापित भई यी केन्द्रहरुमा दुई लाख नौ हजार दुई सय चौसट्ठी जना सदस्यहरु गरिवी न्यूनिकरण र सामाजिक सशक्तिकरणका लागि क्रियाशील रहेका छन् ।

मन्त्रालय जनउत्तरदायी संयन्त्रको माध्यमबाट पारदर्शिता र जवाफदेहिताको अभिबृद्धि गरी स्थानीय सुशासन प्रबर्द्धनमा प्रयत्नशील छ र यसका लागि मन्त्रालयले स्थानीय शासन उत्तरदायी संयन्त्र मार्फत स्थानीय निकायहरुलाई नागरिक तथा समुदायप्रति उत्तरदायी वनाउन विभिन्न प्रयत्नहरु गर्दै आएकोछ । स्थानीय निकायका सवै वडाहरुमा गठन भएका वडा नागरिक मञ्चहरु मार्फत सार्वजनिक सेवा र वस्तुहरुको सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखा परीक्षण गर्ने कामहरु भएका छन् । समुदायस्तरमा पारस्पारिक सहयोग, सामाजिक सद्भाव अभिवृद्धि, सामाजिक विसंगतिहरु (खुलादिसा, वालविवाह, लैंगिक हिंसा, बोक्सीप्रथा, छुवाछुत, जातीय विभेद, दाइजो प्रथा आदि ) हटाउने तथा सामाजिक चेतनाको कमीले गर्दा व्यक्तिगत घटना दर्ता नगर्ने, नागरिकता प्रमाण-पत्र नवनाउने, बालवालिका विद्यालय नपठाउने, समयमै खोपहरु नलगाउने जस्ता अवस्थाहरुको निराकरणका लागि वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रहरु सक्रियताका साथ क्रियाशील रहंदै आएका छन् ।

एलजिसिडिपीवाट वडा नागरिक मञ्चलाई वैठक तथा छलफलका लागि आवश्यक सामान्य लजिष्टिक सहायता स्वरुप कार्यक्रमवाट वार्षिक रुपमा प्रति मञ्च जम्मा जम्मी रु ६ हजार मात्र उपलव्ध गराइन्छ, जुन रकम रजिष्ट्रर, कागज, मार्कर किन्ने जस्ता काममा खर्च हुन्छ । यसैगरी सामाजिक सचेतना अभिवृद्धिका लागि साप्ताहिक रुपमा रिफ्लेक्ट सेसन सञ्चालन गर्न नागरिक सचेतना केन्द्रलाई एक वर्षका लागि जम्मा रु ३० हजार मात्र उपलव्ध गराइन्छ । नेपालका सबै गा.वि.स. र न.पा.हरुमा रहेका जम्मा ४०४५ नागरिक सचेतना केन्द्रलाई स-साना आय आर्जन कार्यक्रम सञ्चालनका लागि एकपटक अनुदानका रुपमा वींउ पूँजी स्वरुप प्रति केन्द्र रु. १ लाख उपलव्ध गराइएको छ । यसैगरी विगत २ वर्षको अवधिमा जम्मा ३४१६ नागरिक सचेतना

केन्द्रहरुलाई उत्पादनमूलक स-सानापूर्वाधार तथा आय आर्जनमा सहयोग पुर्‍याउने उद्धेश्यले प्रति केन्द्र रु ३ लाख १५ हजार उपलब्ध गराइएको थियो । गरीवी न्युनिकरणका लागि सहयोग स्वरुप कार्यक्रमवाट उपलब्ध गराइएको यो घुम्ति कोष अनुदान रकम क-कसलाई परिचालन गर्ने, के प्रयोजनका लागि दिने, कति समयका लागि दिने, के निर्माण गर्ने, व्याज दर कति हुने जस्ता यावत कुराहरुको निर्णय गर्ने एक मात्र आधिकारिक थलो भनेको नागरिक सचेतना केन्द्र नै हो, जहां सवै सदस्यहरुले सामुहिक रुपमा सर्वसम्मत निर्णय गर्ने गर्दछन् । नागरिक सचेतना केन्द्रमा समाजका सर्वाधिक पिछडिएका गरिव, महिला, दलित, जनजाति र लोपोन्मुख समुदायको मात्र प्रतिनिधित्व हुने व्यवस्था छ । यी नागरिक सचेतना केन्द्रहरुलाई स्वीकृत कार्यविधिको आधारमा स्थानीय निकाय मार्फत सशर्त अनुदानका रुपमा नागरिक सचेतना केन्द्रको खातामा सिधै रकम जम्मा गरिने व्यवस्था छ । माथि उल्लेख गरिए अनुसार सो अनुदान रकम केन्द्रका सदस्यहरुले सर्वसम्मत निर्णयवाट आफूले छानेका पूर्वाधार र योजना तथा कार्यक्रमहरु सञ्चालनका लागि परिचालन गर्ने गर्दछन् । कार्यक्रम तथा व्यवसाय छनोट गर्ने, कार्यान्वयन गर्ने, वजेट परिचालन तथा खर्च गर्ने र अनुगमन गर्ने कार्यमा नागरिक सचेतना केन्द्रका सदस्यहरु स्वयं जिम्मेवार हुने परिपाटी स्थापना गरिएको छ । यसरी स्थानीय निकायका विपन्न वस्तीहरुमा नागरिक सचेतना केन्द्रको सामुहिक निर्णय अनुसार स-साना आय आर्जनका व्यवसायहरु सञ्चालन हुनुका साथै सामाजिक रुपान्तरणको अभियानमा ठूलो संख्यामा नागरिकहरु क्रियाशील रहेकाले भर्खरै एक अन्तर्राष्ट्रिय संस्थाले स्वतन्त्र रुपमा गरेको मूल्यांकन अध्ययन प्रतिवेदनले यसलाई 'मौन क्रान्ति'(Silent Revolution) को संज्ञा दिएको छ ।

उपर्युक्त बमोजिम संचालित यस कार्यक्रमका सम्वन्धमा केही सञ्चार माध्यममा आएका नकारात्मक टिप्पणीहरुप्रति मन्त्रालयको ध्यानाकर्षण भएको छ । यस सम्वन्धमा मन्त्रालयले नियमित रुपमा अनुगमन गरी कहीं कतै कमी कमजोरी भएको देखिएमा तत्काल सुधारका लागि निर्देशन दिंदै अनियमितताको आशंका भएमा छानविन समेत गरी दोषी उपर कारवाही गर्दै आइरहेको पनि छ ।

अत: कार्यक्रमको यथार्थ उद्देश्य, कार्यप्रकृया र योगदानको सन्तुलित बिश्लेषण नहुँदा समग्र कार्यक्रमप्रति सर्वसाधारणमा भ्रम पर्न सक्ने र यसले विपन्न समुदायलाई लक्षित गरी सञ्चालित कार्यक्रम माथि नकारात्मक धारणा विकास भई नागरिक उत्तरदायी सस्थाहरुले गरिआएको सहयोग प्रभावित हुने अबस्था समेत सिर्जना हुनुको साथै विछडिएको समुदायको सामाजिक आर्थिक सशक्तिकरण गर्ने कार्यमा बाधा उत्पन्न हुने, सेवा प्रवाह गर्ने निकायहरु, विकास साझेदारहरु, सामाजिक रुपान्तरणका लागि क्रियाशील संस्थाहरुप्रति अविश्वासको वातावरण सृजना भई लक्षित समुदाय समेतको आत्मविश्वासमा आघात पुग्ने भएकाले यस्तो निराशाजनक अवस्था आउन नदिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय समग्र सञ्चार जगत लगायत सवै पक्षवाट रचनात्मक सहयोगका लागि हार्दिक अपिल गर्दछ ।

मिति : २०७३।३।१४

२०७३।३।१४

पूर्ण चन्द्र भट्टराई

प्रवक्ता

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय